# सिटि होटल लिमिटेड
# City Hotel Limited

CITY HOTEL

छिन्नलता चोक, सोल्टीमोड, काठमाण्डौं, नेपाल, पो.व.नं. ८८०१, काठमाण्डौं ।
५६७१२००/५६७१२०१ फ्याक्स नं. ५३८७०४१,
इमेलः info@cityhotel.com.np वेभसाइटः www.cityhotel.com.np

## साधारण शेयरको सार्वजनिक निष्कासन तथा बिक्री बन्द बारेको सूचना

सिटि होटल लिमिटेडको आफ्नो जारी पूँजी रु. १,६७,४०,००,०००।- मध्ये १०% अर्थात रु.१६,७४,००,०००।- रकम बराबरको प्रति कित्ता अंकित मूल्य रु.१००।- दरको १६,७४,००० कित्ता साधारण शेयरको १०% अर्थात १,६७,४०० कित्ता नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारीमा रहिरहेका नेपाली नागरिकहरुका लागि बाँडफाँट गरि, ५% अर्थात ८३,७०० कित्ता साधारण शेयर सामुहिक लगानी कोषहरुमा बाँडफाँट भइसकेको र ४% अर्थात ६६,९६० कित्ता साधारण शेयर कम्पनीका कर्मचारीलाई छुट्टाई बाँकी रहेको १३,५५,९४० कित्ता साधारण शेयरहरु मिति २०८० बैशाख २५ गतेदेखि सर्वसाधारणहरुमा निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा सर्वसाधारण आवेदकहरुबाट माग गरे भन्दा बढि शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएकाले **आज मिति २०८० बैशाख २८ गते (बैंकिङ्ग समय पश्चात्)** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गर्दछौं ।

यस निष्काशन कार्यमा संलग्न ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरुले यसै सूचनालाई आधिकारीक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८० बैशाख २८ गते (बैंकिङ्ग समय पश्चात्)** बन्द गर्नुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं ।

| **दरखास्त दिन पाउने न्यूनतम कित्ता : १०** | **दरखास्त दिन पाउने अधिकतम कित्ता : २,०००** |
|---|---|

**नेटवर्थ सम्बन्धी विवरणः**

| विवरण | वास्तविक | | | आ.व.०७९/८० पौष मसान्तसम्मको अपरिष्कृत* | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व.०७६/७७ | आ.व.०७७/७८ | आ.व.०७८/७९ | | आ.व.०७९/८० | आ.व.०८०/८१ | आ.व.०८१/८२ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९२.९६ | ९०.६८ | ८७.८३ | ७९.०४ | ७८.५५ | ७९.१४ | ८३.१५ |
| प्रति शेयर आम्दानी (रु.) | (२.२८) | (३.६३) | (२.९७) | (८.७९) | (१०.५०) | ०.५९ | ३.९७ |
| खुद मुनाफा/(नोक्सान) (रु. हजारमा) | (२१,३६९) | (३४,०५६) | (४४,६८३) | (१३२,४८०) | (१७५,७०९) | ९,८४९ | ६६,४६७ |

* व्यवस्थापनबाट प्रमाणित आ.व. २०७९/०८० पौष मसान्त सम्मको अपरिष्कृत वित्तीय विवरण

**परियोजनाको साधारण लगानी फिर्ता हुने अवधि : ११ वर्ष १ महिना**

**परियोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि : १५ वर्ष**

### क्रेडिट रेटिङ्ग सम्बन्धमा

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्योर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्गस नेपाल लि., पुतलीसडक, काठमाण्डौंबाट इस्योर रेटिङ्ग गराई "CARE-NP BB+(Is)" "[Double B Plus (Issuer)" प्रमाणपत्र प्राप्त गरेको छ । "CARE-NP BB+(Is)" ले कम्पनीको दायित्व बहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने बुझिन्छ । क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण स्वीकृत विवरणपत्रको दफा २२ (ट) पाना नं. ४१ मा उल्लेख छ ।

इस्योर रेटिङ्ग प्रदान गरेको मिति : २०७८/१२/२२ (तदनुसार अप्रिल ०५, २०२२)
बहाल रहने अवधि मितिः २०८०/१२/२३ (तदनुसार अप्रिल ०५, २०२४)

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US

## ग्लोबल आइएमई क्यापीटल लि.

पोष्ट बक्स नं. २१५९९, पहिलो तल्ला, लक्ष्मण बाबु भवन, नक्साल
फोन नं. ९७७-०१-५९७०१३८, फयाक्स नं. ९७७-०१-४५४५७०२
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com

मिति २०८० बैशाख २८ गतेको "कारोबार" दैनिकमा प्रकाशित गर्ने